# आकाशवाणी

**December 14, 2025**

**प्रमुख समाचार**

१. राष्ट्रपतिले भन्नुभयो, ऊर्जा संरक्षण केवल विकल्प मात्र नभएर वर्तमानको आवश्यकता पनि हो

२. प्रधानमन्त्री नरेन्द्र मोदीले अस्ट्रेलियामा भएको आतंकवादी आक्रमणको गर्नुभयो निन्दा

३. प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि जोर्डनको दुई दिने भ्रमणमा जानुहुँदै

४. नयाँ दिल्लीद्वारा बंगलादेशको विरुद्धमा हुने गतिविधिहरूको लागि आफ्नो भूमि कहिल्यै प्रयोग गर्न नदिएको दाबी

## 1. Prez-National Energy Conservation Day

आज राष्ट्रिय ऊर्जा संरक्षण दिवस हो। यो दिन ऊर्जा संरक्षणको महत्त्वबारे जागरूकता जगाउन र ऊर्जा दक्षतामा राष्ट्रको उपलब्धिहरूलाई उजागर गर्न प्रत्येक वर्ष मनाइन्छ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीमा **राष्ट्रिय ऊर्जा संरक्षण पुरस्कार २०२५ र ऊर्जा संरक्षण २०२५** सम्बन्धी **राष्ट्रिय चित्रकला प्रतियोगिताका** विजेताहरूलाई सम्मान गर्नुभयो। उहाँले ऊर्जा संरक्षण अब केवल एक विकल्प मात्र नभई वर्तमान समयको आवश्यकता भएको र ऊर्जा बचतको प्रत्येक एकाइले प्रकृतिप्रति जिम्मेवारीको भावना झल्काउने र भावी पुस्ताहरूको लागि हेरचाह र संवेदनशीलता प्रदर्शन गर्ने कुरामा जोड दिनुभयो। उहाँले भारतले ऊर्जा संरक्षण र स्वच्छ ऊर्जा संक्रमणको क्षेत्रमा महत्वपूर्ण कदम चालेको साझा गर्नुभयो। राष्ट्रपतिले देशले तोकिएको समय सीमाभन्दा अगाडि नै आफ्नो स्वच्छ ऊर्जा प्रतिबद्धताहरू पूरा गरेको उल्लेख गर्नुभयो।

## 2. VP-Postal Stamp

उपराष्ट्रपति सीपी राधाकृष्णनले आज नयाँ दिल्लीमा सम्राट पेरुम्बिदुगु मथरायर द्वितीय सुवर्ण मारनको सम्मानमा एक स्मारक डाक जारी गर्नुभयो। यस अवसरमा केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमन, राज्यसभाका उपसभापति हरिवंश र सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल मुरुगन उपस्थित हुनुहुन्थ्यो।

## 3. PM AUSTRALIA ATTACK

अस्ट्रेलियाको सिड्नीको **बोन्डी समुद्र तटमा** आज बिहान यहूदी पर्व हनुक्काको पहिलो दिन मनाइरहेका बेला बन्दुकधारीहरूले गोली चलाउँदा एक बन्दुकधारीसहित दश जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्। न्यु साउथ वेल्स प्रहरीले दुई जनालाई हिरासतमा लिएको बताएको छ।
प्रधानमन्त्री नरेन्द्र मोदीले यस भयानक आतंकवादी आक्रमणको दुःख व्यक्त गर्दै कडा निन्दा गर्नुभयो। उहाँले सामाजिक सञ्जालको एक पोस्टमा आफ्ना प्रियजनहरू गुमाउने परिवारहरूप्रति समवेदना व्यक्त गर्नुभयो। उहाँले भारत यस दुःखको घडीमा अष्ट्रेलियाका जनतासँग एकतामा रहेको बताउनुभयो। श्री मोदीले भारत आतंकवादप्रति शून्य सहनशीलता राख्छ र आतंकवादका सबै रूप र अभिव्यक्ति विरुद्धको लडाईलाई समर्थन गर्दछ भनेर भन्नुभयो।

## 4. Jaishankar- Australia Attack

यसैक्रममा, विदेशमन्त्री डा. एस जयशंकरले आतंकवादी हमलाको निन्दा गर्नुहुँदै भारतको संवेदना पीडितहरू र उनीहरूका परिवारहरूसँग रहेको बताउनुभएको छ।

## 5. PM-JORDAN VISIT

प्रधानमन्त्री नरेन्द्र मोदी, राजा अब्दुल्लाह द्वितीय बिन अल हुसेनको निमन्त्रणामा भोलिदेखि जोर्डनको दुई दिने भ्रमणमा जाँदै हुनुहुनेछ। उहाँको भ्रमण दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाको पचत्तरौं वार्षिकोत्सवको अवसरमा भएको हो। जोर्डनमा सत्र हजार पाँच सयभन्दा बढी भारतीय प्रवासी बसोबास गर्छन्। भारतीय प्रवासीहरूले कपडा, निर्माण र निर्माण लगायतका क्षेत्रहरूमा काम गर्छन् र दुई देशबीचको द्विपक्षीय सम्बन्धमा महत्वपूर्ण योगदान पुर्‍याउँछन्। जोर्डनकालागि भारतीय राजदूत मनीष चौहानले यसलाई व्यापार, खाद्य सुरक्षा र दुई देशबीचका जनताको सम्बन्धलाई अझ सुदृध बनाउने अवसरको रूपमा वर्णन गर्नुभयो।

## 6. PM- Scindia

प्रधानमन्त्री नरेन्द्र मोदीले आज केन्द्रीय उत्तरपूर्वी क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले एक अंग्रेजी दैनिकमा लेखेको लेख साझा गर्नुभयो। उहाँले श्री सिन्धियाको लेखले नागाल्याण्डको हर्नबिल महोत्सवलाई मानवताको प्राचीन तथा समकालीनको उत्कृष्ट संगमको रूपमा वर्णन गरेको बताउनुभयो। उहाँले देशको विकास तब मात्र हुनेछ जब उत्तरपूर्वी क्षेत्रको उदय हुन्छ भन्नुभयो।

## 7. INDIA-BANGLADESH

नयाँ दिल्लीले भारतद्वारा बंगलादेशको अन्तरिम सरकारले गरेको दाबीलाई स्पष्ट रूपमा अस्वीकार गर्दै छिमेकी देशमा स्वतन्त्र,

निष्पक्ष र समावेशी चुनावलाई निरन्तर समर्थन गरेको र बंगलादेशी जनताको हितको विरुद्धमा हुने गतिविधिहरूको लागि आफ्नो भूमि कहिल्यै प्रयोग गर्न नदिएको बताएको छ। विदेश मन्त्रालयले आज एक विज्ञप्तिमा भारतले बंगलादेशको अन्तरिम सरकारले शान्तिपूर्ण चुनाव सम्पन्न गर्ने उद्देश्यले आन्तरिक कानून र व्यवस्था सुनिश्चित गर्न सबै आवश्यक उपायहरू अपनाउने अपेक्षा गरेको बताएको छ।

## 8. RAILWAYS LHB MANUFACTURING

सरकारले विगत ११ वर्षमा ४२ हजारभन्दा बढी लिंके होफम्यान बुश -LHB रेलवे कोचहरू निर्माण गरिएको जानकारी गराएको छ। LHB कोचहरू यात्रुहरूको सुरक्षा, बढ्दो सवारी आराम र राम्रो सञ्चालन प्रदर्शन प्रदान गर्न डिजाइन गरिएको हो। रेलवे मन्त्रालयले चालू आर्थिक वर्षमा नोभेम्बरसम्म कुल चार हजार दुई सयभन्दा बढी LHB कोचहरू निर्माण गरिएको जानकारी गराएको छ।

## 9. MP-Cheetah

मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले अफ्रिकाबाट कुनो राष्ट्रिय निकुञ्जमा चिताहरूको सफल स्थान ान्तरण पछि, अर्को वर्ष मनसुन अगाडि वीरांगना दुर्गावती बाघ संरक्षण चित ाहरूको लागि नयाँ घर बन्ने बत ाउनुभएको छ। श्री यादवले चित ा परियोजनालाई उल्लेख गर्दै, भारत र भारतभित्र मध्य प्रदेश, विश्वमा एक मात्र ठाउँ हो जहाँ चित ा पुनर्वास सफल भएको बताउनुभयो। कुनो राष्ट्रिय निकुञ्जमा अठाइसवटा चित ाहरू छन्, र गान्धी सागर संरचनामा दुई वटा ठूला बाघ वर्गहरू छन्। जनवरी दुई हजार छब्बीसमा बोत्सवानाबाट आठ वटा चित ाहरू कुनो राष्ट्रिय निकुञ्जमा ल्याउने अपेक्षा गरिएको छ।

## 10. Messi-Mumbai

अर्जेन्टिनाका फुटबल खेलाडी लियोनेल मेस्सी आज मुम्बई आइपुगेका छन्। भारतको चार शहरको भ्रमणमा यो उनको तेस्रो पिट स्टप हो। कोलकातामा उनको उपस्थितिको क्रममा देखिएका अराजक दृश्यहरूबाट पाठ सिक्दै मुम्बई प्रहरीले सुरक्षा व्यवस्था कडा बनाएको छ। अधिकारीहरूले भागदौड जस्तो परिस्थितिलाई रोक्न र ब्राबोर्न स्टेडियम र वानखेडे स्टेडियममा कार्यक्रमहरू सुचारु रूपमा सञ्चालन सुनिश्चित गर्ने लक्ष्य राखेका छन् भने कडा प्रवेश प्रतिबन्ध, वाचटावर र भीड नियन्त्रण उपायहरू पनि लागू गरिएको छ।

## 11. IMD WEATHER

भारतीय मौसम विभागले भोलि तेलंगाना र कर्नाटकको आन्तरिक क्षेत्रमा शीतलहरको अवस्थाको पूर्वानुमान गरेको छ। मौसम विभागले आगामी चार दिनसम्म नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा बाक्लो कुहिरो लाग्ने र आगामी दुई दिनसम्म असम, मेघालय, पश्चिम उत्तर प्रदेश, पञ्जाब, हरियाणा, चण्डीगढ र दिल्लीमा पनि यस्तै अवस्था रहने अनुमान गरेको छ। भोलि अण्डमान र निकोबार टापुहरूका एकान्त स्थानहरूमा बिजुली र तेज हावासँगै मेघ गर्जनसहित वर्षाको पूर्वानुमान गरेको छ। यसैबीच, दिल्ली-एनसीआरमा वायु गुणस्तर गम्भीर श्रेणीमा रहेको छ।

## 12. THAILAND - CIVILIAN DEATH

थाइल्याण्डमा, कम्बोडियासँगको नयाँ सीमा द्वन्द्वमा आज पहिलो पटक एक नागरिकको मृत्यु भएको खबर आएको छ। थाई सरकारका प्रवक्ताले कम्बोडियाले जानाजानी नागरिक क्षेत्रमा गोली चलाएकोमा निन्दा गर्दै यस्तो कार्य क्रूर र अमानवीय भएको बताएका छन्। यसैबीच, थाइल्याण्डको सेनाले आज सीमा क्षेत्रहरूमा चलिरहेको अवस्थालाई उद्धृत गर्दै त्राट प्रान्तका केही भागहरूमा कर्फ्यू लगाउने घोषणा गरेको छ। सीमावर्ती भूमिको केही भागहरूमा लामो समयदेखि प्रतिस्पर्धी दाबीहरूलाई लिएर दुई पक्ष लडिरहेका छन्, जसमध्ये केहीमा शताब्दी पुरानो मन्दिरको भग्नावशेष छ। यसअघि शुक्रबार, अमेरिकी राष्ट्रपति ट्रम्पले दुई देशले युद्धविराम नवीकरण गर्न सहमत भएको घोषणा गर्नुभएको थियो, तर थाई प्रधानमन्त्रीले कुनै पनि प्रतिबद्धता व्यक्त गर्न अस्वीकार गर्नुभएको छ भने कम्बोडियाले आत्मरक्षामा लड्न जारी राख्ने घोषणा गरेको छ।

## 13. SQUASH WORLDCUP 2025

स्क्वास विश्वकप २०२५ मा, भारत र हङकङ बीचको फाइनल खेल चेन्नईको एक्सप्रेस एभिन्यू मलमा भइरहेको छ। भारतले हिजो साँझ सेमिफाइनलमा डिफेन्डिङ च्याम्पियन इजिप्टलाई तीन-शून्यले हराउँदै फाइनलमा प्रवेश गरेको छ।

--------